आ.व २०७७।०७८ को बैठक नं. ७

आज मिति २०७७ साल माघ १० गते शनिवार दिउसो १ वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो।

उपस्थिति :

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | भावना भण्डारी | नगर उप प्रमुख | |
| ३ | दिपक राना | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | काली बहादुर वली | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | लिला बहादुर शाह | वडा नं. ३ वडा अध्यक्ष | |
| ६ | खम्बजंग शाह | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्यामलाल जैसी | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | शशिराम बुढा | वडा नं. ६ वडा अध्यक्ष | |
| ९ | चन्द्र बहादुर शाही | वडा नं. ७ वडा अध्यक्ष | |
| १० | कर्ण बहादुर कार्की | वडा नं. ८ वडा अध्यक्ष | |
| ११ | ध्रुव प्रसाद पौडेल | वडा नं. ९ वडा अध्यक्ष | |
| १२ | ठकेन्द्र बहादुर राना | वडा नं. १० वडा अध्यक्ष | |
| १३ | लक्ष्मी प्रसाद जैसी | वडा नं. ११ वडा अध्यक्ष | |
| १४ | निम बहादुर भनारी | वडा नं. १२ वडा अध्यक्ष | |
| १५ | गोपाल बटाला | वडा नं. १३ वडा अध्यक्ष | |
| १६ | पार्वती वि.क | कार्यपालिका सदस्य | |
| १७ | मनकला नेपाली | कार्यपालिका सदस्य | |
| १८ | रति वि.क | कार्यपालिका सदस्य | |
| १९ | सृजना वि.क | कार्यपालिका सदस्य | |
| २० | विर बहादुर बादी | कार्यपालिका सदस्य | |
| २१ | मिना पुन | कार्यपालिका सदस्य | |
| २२ | भद्रकला डाँगी | कार्यपालिका सदस्य | |
| २३ | विन्दु शाही | कार्यपालिका सदस्य | |
| २४ | दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | |
| २७ | सनत दवाडी | सहायकस्तर पाँचौ | |
| २८ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |

Scanned with CamScanner

निर्णयहरू:

१. नगर कार्यपालिका बैठकको मिति २०७७।९।२९ गतेको निर्णयानुसार मिति २०७७।१०।११ र १२ गते आयोजना हुने नगर (विधायन) सभा देहाय अनुसारको तालिका बमोजिम संचालन गर्ने:

तपसिल:

क. **उद्घाटन सत्र**

**आसन ग्रहण**

| क्र स | विषय | पद | नाम |
|---|---|---|---|
| १ | सभाध्यक्ष | नगर प्रमुख | चन्द्र प्रकाश घर्ती |
| २ | प्रमुख अतिथी | माननीय सांसद राष्ट्रिय सभासदस्य | श्री भैरव सुन्दर श्रेष्ठ |
| ३ | विशेष अतिथी | माननीय सांसद निवर्तमान राष्ट्रिय सभासदस्य एव भुपु माननीय प्रतिनिधिसभा सदस्य | श्री काली बहादुर मल्ल |
| ४ | विशेष अतिथी | भू पू माननीय सांसद | श्री गोविन्द विक्रम शाह |
| ४ | विशेष अतिथी | भू पू माननीय सांसद | श्री रत्न प्रसाद शर्मा |
| ५ | विशेष अतिथी | प्रदेश सभा सदस्य | श्री गणेश प्रसाद सिह |
| ६ | विशेष अतिथी | प्रदेश सभा सदस्य | श्री करविर शाही |
| ७ | विशेष अतिथी | प्रदेश सभा सदस्य | श्री कृष्णा शाह |
| ८ | विशेष अतिथी | प्रदेश सभा सदस्य | श्री कौशिलावती खत्री |
| ९ | विशेष अतिथी | जि. स. स. प्रमुख | श्री मन बहादुर रावल |
| १० | विशेष अतिथी | प्र. जि. अ. | श्री चेतराज बराल |
| ११ | अतिथी | अध्यक्ष ने. क. पा. जिल्ला कमिटि जाजरकोट | श्री ढकविर राना |
| १२ | अतिथी | सभापती ने.कां. जि. कार्य समिति जाजरकोट | श्री दिपक जंग शाह |
| १३ | अतिथी | सभापती पत्रकार महासंघ जाजरकोट | श्री भिम बहादुर सिंह |
| १४ | अतिथी | अध्यक्ष उध्योग वाणिज्य संघ जाजरकोट | श्री कर्ण बहादुर खत्री |
| १५ | अतिथी | अध्यक्ष निर्माण व्यवसायी संघ जाजरकोट | श्री कृष्ण विक्रम शाह |
| १६ | सामुहिक | सभासदस्यहरु सबै | |

- ✓ अतिथि सत्कार (ब्याच वितरण)
- ✓ सभाध्यक्ष वा प्रमुख अतिथीबाट कार्यक्रम उद्घघाटन
- ✓ राष्ट्रिय गान
- ✓ सहिदहरुप्रति १ मिनेट मौनधारणा
- ✓ स्वागत मन्तव्य
- ✓ शुभकामना मन्तव्य क्रमश
- ✓ उद्घघाटन शत्र समापन

**ख. बन्द शत्र कार्यक्रम**

१. बैठकको अध्यक्षता

२ . बैठकको कार्यसुची प्रारम्भ

कार्यसुची

| क्र. स | विषय | समय |
|---|---|---|
| १ | भेरी नगरपालिकाको शिक्षा तथा स्वास्थ्य ऐन २०७४ को संशोधन प्रस्ताव | १० बजेदेखि ११:३० बजेसम्म |
| २ | विनियोजन ऐन २०७७ को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव | ११:३० बजेदेखि २:३० बजेसम्म |
| ३ | प्रधानमन्त्री रोजगार कार्यक्रम संशोधन प्रस्ताव | २:३० बजेदेखि ३:०० |
| | खाजा तथा नास्ता | ३:०० बजेदेखि ३:३० |
| ४ | नगर क्षेत्र भित्रको जग्गाको कित्ताकाट मापदण्ड संशोधन प्रस्ताव | ३:३० बजेदेखि ४:०० |
| ५ | नगरपालिका क्षेत्रभित्र भवन निर्माण अभिलेखिकरणको समय सिमा संशोधन | ४:०० बजेदेखि ४:३० |
| ६ | समसामयिक सार्वजनिक महत्वका विषयहरुमा छलफल | ४:३० बजेदेखि ५:०० |
| ७ | सभाध्क्षबाट सभा समापन | ५:०० |



Scanned with CamScanner

२. भेरी नगरपालिकाको शिक्षा ऐन, २०७४ (दोश्रो संशोधन, २०७७) र भेरी नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७४ (दोश्रो संशोधन, २०७७) मा देहाय बमोजिक संशोधनका लागि विधायन सभामा पेश गर्ने ।

**भेरी नगरपालिकाको शिक्षा ऐन, २०७४ को दोश्रो संशोधन, २०७७**

१. **दफा** २ को (ग) मा दफा ४० को ठाउँमा ४५ र ५८ हुनुपर्ने, (ङ) मा दफा १८ को ठाउँ १९ हुनुपर्ने ।

२. **दफा** २ को परिभाषा खण्डमा थप गर्नु पर्नेः

३. **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

४. **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

५. **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले नगर शिक्षा ऐनको दफा १९ को प्रयोजनको लागि विद्यार्थीको बाबु आमा, बाजे बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

६. **दफा** २१ मा विद्यालयमा रहने शिक्षक दरबन्दी तोकिए बमोजिम हुनेछ भन्ने बाक्यांश थप्नुपर्ने ।

७. **दफा** २६ मा अन्तरपालिका सरूवा गर्दा दुवै विद्यालय तथा पालिकाको सहमतिका आधारमा नगरशिक्षा समितिले सरुवा गर्न सक्ने छ भन्ने बाक्यांश उपदफा ५ थप गरी ।

८. **दफा** ३१ मा उपदफा ३ थपी विद्यालय व्यवस्थापन समितिले अस्थायी, करार, राहत तथा अनुदानको कोटामा कार्यरत शिक्षक तथा कर्मचारीहरूको म्याद कार्य सम्पादन मुल्यांकनका आधारमा ६ महिनामा नढाड़ थप गरी सोको जानकारी नगर कार्यपालिकाको कार्यालयलाई दिनु पर्नेछ भन्ने उल्लेख गर्ने ।

९. **दफा** ६२ (२) मा विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमतिका लागि **नगर कार्यपालिकाले** दिन सक्ने छ भन्ने बाक्यांश संशोधन गरी सोको स्थानमा **नगर कार्यपालिकाको कार्यालयले** दिन सक्नेछ भन्ने बाक्यांश राख्ने ।

**<u>नगरपालिकाको स्वास्थ्य सरसफाई ऐन, २०७४ मा दोश्रो संशोधन, २०७७ सम्बन्धी प्रस्तावः</u>**

स्वास्थ्य तथा सरसफाई ऐन, २०७४ को दफा ६ को उपदफा (१) मा स्वास्थ्य व्यवस्थापन समितिको गठन सम्बन्धी प्रावधानमा देहाय अनुसार संशोधन गर्नेः

१. उपदफा (१) को (ङ) मा वडा समितिले सिफारिस गरेको १ जना महिला सदस्य रहने प्रावधान थप गर्ने।

२. उपदफा (१) मा (च) थप गरी स्वास्थ्य व्यवस्थापन समितिले मनोनित गरेको स्थानीय व्यापार संघको प्रतिनिधि १ जना सदस्य रहने प्रावधान थप गर्ने ।

३. उपदफा (१) को (ङ) को सट्टामा (छ) संशोधन गर्ने ।

४. उपदफा (१) मा (ज) थप गरी स्वास्थ्य संस्था व्यवस्थापन समितिको बैठकमा स्वास्थ्य क्षेत्रमा योगदान दिनसक्ने दलित जनजातिबाट १ जना, अपांग, अशक्त वा जैष्ठ, नागरिकहरुमध्येबाट १ जना र किशोरकिशोरीहरु मध्येबाट १ जनाको प्रतिनिधित्व रहने गरी अनिवार्य रूपमा ३ जना सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ, साथै नगरपालिका स्तरका स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दातृ संस्था तथा कार्यक्रमका प्रतिनिधिहरुलाइ आवश्यकता अनुसार समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ भन्ने बाक्यांश थप गर्ने ।

५. उपदफा (१) मा (झ) थप गरी नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन हुन नदिनका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै समितिले गर्नेछ भन्ने बाक्यांश थप गर्ने ।

३. तपसिलमा उल्लेखित कार्यविधिहरुमा तपसिल बमोजिम संशोधन गर्ने.

**कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि** ,२०७५ मा देहाय बमोजिम संशोधन गरी थप गर्नुपर्ने

१. कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि ,२०७४ को **प्रस्तावनामा** भेरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को अधिनमा रही भेरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ



Scanned with CamScanner

भन्ने बाक्यांश झिकि सो स्थानमा भेरी नगरपालिकाको कृषि व्यवसाय प्रबर्धन ऐन, २०७४ को दफा ३६ बमोजिम भेरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ भन्ने बाक्यांश राख्ने ।

२. बुँदा २२ को (१) मा स्थानीय तहमा संचालित कृषि कार्यक्रम यसै कार्यविधि बमोजिम संचालन भएको मानिने छ भन्ने बाक्यांशको झिकी सोको सट्टामा यस कार्यविधिमा उल्लेख भएका कुराहरू यसै कार्यविधि बमोजिम र उल्लेख नभएका कुराहरू कृषि विभागको कृषि प्रसार कार्यक्रम संचालन निर्देशिका तथा नर्मस २०७४।०७५ बाली विकास, बागवानी, व्यवसायिक किट, बाली संरक्षण ,मत्स्य, कृषि प्रसार र बजार सम्बन्धी विषयगत कृषि विकास कार्यक्रमहरु साथै नयाँ तथा परिमार्जन भएका कार्यविधि समेतको आधारमा संचालन गरिनेछ भन्ने बाक्यांश राख्ने ।

भेरी नगरपालिकाको पशु पंक्षि कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७६ को बुँदा नं. १२ मा देहाय अनुसार संशोधन गर्ने:

| सि नं | विवरण | व्याख्या | आर्थिक मापदण्ड | |
|---|---|---|---|---|
| | | | भएको प्राबधान | संशोधन हुनु पर्ने |
| ३ | फिल्ड अनुगमन तथा भ्रमण | खटीएको कर्मचारीले पाउने दैनिक भ्रमण तथा अनुगमन भत्ता | (१)कार्यालय स्थान देखी ६ कोष टाढाका वडामा जांदा नेपाल सरकारले तोकेको आर्थिक नर्मस अनुसार दैनिक भ्रमण भत्ता पाउने ।<br>(२) ६ कोष भन्दा कम दुरी भएका वडामा एकै दिनमा गएर फर्किन सकिने र बिशेष अवस्थाका अनुगमन जस्तै,मास पसल,डेरी पसल,बधस्थल एग्रोभेट, दाना पसल लगाएत बिभिन्न कार्यक्रम अनुगमन गर्न जांदा अनुगमन गर्न गएको दिनको भत्ता रु १५००। र खाना र खाना बापत रु ५००। | (१) कार्यालय स्थान देखी ४ कोष टाढाका वडामा जांदा नेपाल सरकारले तोकेको आर्थिक नर्मस अनुसार दैनिक भ्रमण भत्ता पाउने।<br>(२) ४ कोष भन्दा कम दुरी भएका वडामा एकै दिनमा गएर फर्किन सकिने र बिशेष अवस्थाका अनुगमन जस्तै, मासु पसल, डेरी पसल, बधस्थल एग्रोभेट, दाना पसल लगाएत बिभिन्न कार्यक्रम अनुगमन गर्न जांदा अनुगमन गर्न गएको दिनको भत्ता रु १५००। र खाना र खाना बापत रु ५००।<br>(३) स्टेसनरी, पानी खर्च प्रति व्यक्ती रु २५०। |
| | स्थलगत विषय विषयक तालिम १ दिने प्रतिदिन ३ शेषन | अन्य मसलन्द सामाग्री, उद्घाटन, समापन र प्रतिबेदन एकमुष्ट | रु २५००० | ३०००। |
| | | प्रशिक्षक भत्ता कार्य पत्र सहित | (१)प्रतिकक्षा, प्रशिक्षण अधिकृत स्तर रु १५००<br>(२) सहायक स्तर प्रशिक्षण रु १२०० | |
| ७ | पुर्व व्यवसायिकरण तालिम ३ कार्यदिने प्रतिदिन ४ शेपन | सहभागि स्टेसनरी | प्रति सहभागि, रु ८० | |
| | | खाजा | प्रति सहभागि प्रशिक्षक रु २०० | |
| | | अन्य मसलन्द सामाग्री, उद्घाटन, समापन र प्रतिबेदन एकमुष्ट | रु ९००० | रु १५०००। |
| ८ | व्यावसायिक तालिम ५ कार्यदिन प्रतिदिन ४ शेपन | अन्य मसलन्द सामाग्री , उद्घाटन, समापन र प्रतिबेदन एकमुष्ट | रु ११,००० | रु १८,०००। |
| ९ | औद्योगिकरण तालिम ६ कार्यदिन प्रतिदिन ४ शेपन | सहभागि स्टेसनरी | प्रति सहभागि रु ८० | |
| | | खजा | प्रति सहभागिप्रशिक्षक अधिकृत स्तररु २०० | |
| | | अन्य मसलन्द सामाग्री, उद्घाटन, समापन र प्रतिबेदन एकमुष्ट | रु १२००० | रु.२००००। |
| | | प्रशिक्षक भत्ता कार्यपत्र सहित | (१)प्रतिकक्षा प्रशिक्षण अधिकृत स्तर रु १५००<br>(२) सहायक स्तर प्रशिक्षण रु १२०० | |
| १० | ३ दिन देखी माथीका तालीमहरु नगरपालिका स्तर सचालन हुने | नगरपालिका स्तर कृषक तालीममा कृषक सुबिधाको निर्धारण (१) आउने जाने २दिन र तालिम सचालन भएको दिन | (१) ६ कोष भन्दा टाढा वडाका सहभागी कृषकहरुलाई प्रतिदिनको खाना तथा बास खर्च बापत रु ८०० र फर्केको दिन को २५ प्रतिशत मात्र पाउने ।<br>(२) जिल्लाको यातायात दररेट अनुसार आते जाते यातायात खर्च । | (१) सहभागी सबै कृषकहरुलाई प्रतिदिनको खाना तथा बास खर्च बापत रु८००<br>(२) जिल्लाको यातायात दररेट अनुसार आते जाते यातायात खर्च । |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | (३)६कोष भित्रको वडाका सहभागी कृषकहरुले खाता खर्च बापत रु४०० पाउने ।<br>(४)६ कोष भित्रका कृषकहरुले जिल्लाको दररेट अनुसार प्रतिदिनको आते जाते यातायात खर्च पाउने | |
| १३ | तालीम, गोष्ठि | सहयोगी १ जनाको प्रतिदिन ब्यबस्थापन तथा परिचालन खर्च | | रु १००० |
| १४ | स्कुल प्रसारण शिक्षा एक दिने ४५ मिनेट | नगरपालिका बाट कर्मचारी खटेर गए आते जाते यातायात खर्च र तोकिए बमोजिम दै भ भ सम्बन्धीत वडा बाट खटेर गए याता यात खर्च | (१) कार्यपत्रको रु १०००<br>(२) हैन्डआवटका रु५००<br>(३) खाजा खर्च एकमुष्ट रु १०,०००<br>(४) याता यात खर्च आते जाते रु५००<br>(५) दै भ भ नेपाल सरकारको नियमअनुसार हुने छ । | (१) कार्यपत्रको रु १५००<br>(२) खाजा खर्च एकमुष्ट रु १०,०००<br>(३) यातायात खर्च आते जाते रु५००<br>(४) दै भ भ नेपाल सरकारको नियमअनुसार हुने छ । |
| २५ | कार्यक्रम गर्दा भेडा बाखा को जिउदो मुल्य | नश्ल सुधारको लागी थुमा/बोका,भेडी,बाखी र कुखुराको मुल्य | (१) १०० प्रतिशत शुद्ध उन्नत बोयर बोका जिबित तौलमा प्रति के जी रु २०००।<br>(३) ७५ प्रतिशत क्रस उन्नत बोयर बोका, जिबित तौलमा प्रति के जी रु १५००।<br>(४)५० प्रतिशत क्रस उन्नत क्रस बोयर बोका जिबित तौलमा प्रति के जी रु १२००<br>(५)५० प्रतिशत क्रस अन्य सबै जातका बोका जिबित तौलमा रु १०००।<br>(६)थुमा स्थानीय जिबित तौलमा प्रति के जी रु ५००।<br>(७)७५ प्रतिशत क्रस उन्नत बाखा, जिबित तौलमा प्रति के जी रु ८०० | (१) १०० प्रतिशत शुद्ध उन्नत बोयर बोका जिबित तौलमा प्रति के.जी रु ३०००।<br>(३) ५० प्रतिशत क्रस उन्नत बोयर बोका, जिबित तौलमा प्रति के जी रु १५००।<br>(४)५० प्रतिशत क्रस उन्नत अन्य सबै खाले बोका जिबित तौलमा रु १०००<br>(५) थुमा स्थानीय जिबित तौलमा प्रति के जी रु ५००।<br>(६) ५०प्रतिशत क स उन्नत बाखा, जिबित तौलमा प्रति के जी रु ६००<br>(७) बाखा भेडी स्थानीय जिबित तौलमा प्रति के जी रु४५० |
| द्रष्टव्यः-बिमा अनुदान प्राप्त गर्नको लागी कृषक व्यबसायी ,समुहका सदस्यहरुले समुगत रुपमा श्रावन देखी कार्तिक मसान्त सम्म आफ्ना पशुपन्छीको बिमा गरि सक्नु पर्ने छ र बिमा गरे पछी बिमा गरेका कागजातको फोटो कपी र समुहको निर्णय सहित आर्थिक वर्षको श्रावन देखी कार्तिक मसान्त (पहिलो चौमासीक अवधि भित्र कार्यालय समयमा पशुपन्छी शाखा वा शाखाका केन्द्रहरुमा पेश गर्नु पर्ने छ । तोकिएको अवधि भित्र दर्ता हुन नआएमा बिमाको अनुदान कार्यक्रममा समाबेश गराउन सकिने छैन ।<br>(२)यो अनुदान कार्यक्रम कृषक व्यबसायी,समुह तथा समुका सदस्यहरुलाई एक पटक दिए पछी ५ वर्ष सम्मलाई दिईने छैना । | | | | द्रष्टव्य-बिमा अनुदान प्राप्त गर्नको लागी कृषक व्यबसायी समुहका सदस्यहरुले समुगत रुपमा आफ्ना पशुपन्छीको बिमा गर्नु पर्ने छ र बिमा गरे पछी बिमा गरेका कागजातको फोटो कपी र समुहको निर्णय सहित कार्यालय समयमा पशुपन्छी शाखा वा शाखाका केन्द्रहरुमा पेश गर्नु पर्ने छ । तोकिएको अवधि भित्र दर्ता हुन नआएमा बिमाको अनुदान कार्यक्रममा समाबेश गराउन सकिने छैन |

Scanned with CamScanner

४. भेरी नगरपालिकाको सेवा प्रवाहलाई अझ बढी प्रभावकारी र व्यवस्थित बनाउन निम्नानुसारका कार्यविधि तथा निर्देशिका स्वीकृत गर्नेः

क. भेरी नगरपालिका स्वास्थ्य क्षेत्रको अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका, २०७७

ख. बाल क्लव र बाल संजाल गठन तथा संचालन कार्यविधि, २०७७

ग. बाल अधिकार संरक्षण तथा सम्बर्ध्दन कार्यविधि, २०७७

घ. आपतकालीन बाल उध्दार कोष संचालन कार्यविधि, २०७७

५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशको चालु आ.व. २०७७।७८ को स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका क्षेत्रमा सम्भाव्यता अध्ययनका आधारमा जैविक मल तथा जैविक विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्ने त्यस्ता उद्योगलाई आवश्यक पर्ने मेशिन औजार उपकरण तथा पहुँच मार्ग, विद्युत, पानी लगाएतका आवश्यक भौतिक पूर्वाधारमा सहयोग पुर्याउन रू ५० लाख विनियोजन भएको र सोको कार्यान्वयनका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको **कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७७** को दफा १५ को उपदफा ३ मा मन्त्रालयले सञ्चालन विधि स्वीकृत ग्ररी सो बमोजिम कार्यान्वयन गर्ने प्रावधान रहेको र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको च.नं.३० मिति २०७७।९।१७ को पत्रबाट विधि तर्जुमा तथा स्वीकृतिका लागि प्रत्यायोजन गरेको अधिकार बमोजिम **अर्गानिक पेष्टीसाइड/जैविक मलखाल उत्पादन उद्योग सञ्चालन विधी, २०७७ स्वीकृत गर्ने,**

६. चालु आ व २०७७/०७८ को स्वीकृत विनियोजन ऐनमा उल्लेखित तपशिलका वजेट तथा कार्यक्रमहरु कोभिड १९ तथा विभिन्न प्राविधिक कारण कार्यान्वयन गर्न असहज भएको सन्दर्भमा वडा समितिहरुको सिफारिस तथा सम्भाव्यता अध्ययनका आधारमा कार्यान्वयनको लागि निम्न बमोजिम संशोधनका लागी नगरसभामा प्रस्ताव पेश गर्ने ।

**तपशिल**

**क. पुर्वाधार विकास तर्फ (वजेट तथा कार्यक्रम)**

| वडा नं. | साविकमा निर्णय भएका योजनाहरु | विनियोजित रकम | शंशोधनका लागि पेश भएका योजनाहरु | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | डौरीकाठाँ रिठापानी साउने पानि र भुनामा अदुवा कागती खेती कार्यक्रम | २००००० | डौरीकाठाँ रिठापानी साउने पानि र भुनामा अदुवा टिमुर खेती कार्यक्रम | २००००० |
| | आधारभुत स्वास्थ्य इकाई पिपे जाने बाटोमा हीम पाइप राख्ने | १५०००० | आधारभुत स्वास्थ्य इकाई पिपे जाने बाटोमा कजवे निर्माण | १५०००० |
| | मुलपानी लामितारा खापा मुहान संरक्षण | ५०००० | कल्लेरी खोला तटबन्धन निरमाण | ५०००० |
| २ | फुलवारी खोलाको स्ल्याव व्रीज | | दारखोला स्ल्याव व्रीज पुल | |
| | लोकल कुखुरा अनुदान | | तिमिले कुलदेवता छाना मर्मत | |
| ५. | इवरगाड वाजेको थान देखी वाघखोर सम्म नाली निर्माण | ५००००० | इवरगाड वाजेको थान देखी वाघखोर सम्म सडक स्तरउन्नती | ५००००० |
| | खानेपानी निर्माण ७ वटा आयोजनाको | ७५०००० | साउनेपानी छिप्रेना, तल्लो पधेरा सालटाकुरा, चिसापानी माझगाउँ इवर र बरपीपल तालापानी इवर, खा.पा. योजना मर्मतका लागि पाईप र सिमेन्ट खरिद, (४ वटा योजनाको लागी) | ७५०००० |
| ६ | हर्या खानेपानी देखि थापागाउँ खानेपानी योजना | ८५०००० | खिरखिरे हर्या खानेपानी देखि थापागाउँ खा.पा. | ४५०००० |
| | तल्लो धनारी खानेपानी मर्मत | २००००० | भोटे थला माथिल्लो पैयाखर्क | २००००० |
| | तरकारी संकलन केन्द्र नेटावजार | २००००० | वडामा खेलकुद सामाग्री वितरण | ५०००० |
| | | | भुजा सुगागउने ढुंगा सिमल टाकुरा खानेपानी | ५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | आवश्यक ठाउँमा पाईप अपुग योजनामा पाईप वितरण | १००००० |
| ८ | ओखट्या गौंडा लघुजलविधुत आयोजनाको मर्मत तथा संभार कोष निर्माण | १५०००० | श्री लाली गुरास कृषी सहकारी संस्थाको कार्यालय व्यवस्थापन | १५०००० |
| | धाराखोला लिप्mट खानेपानी योजना | ७००००० | विठेडाडा वान्नी सडक स्तरउन्नती | ७००००० |
| ९ | कोप्चाकमखोला लामाकाटिया खानेपानी निर्माण | १०५०००० | सिम्लना लामाकाटिया खानेपानी मर्मत | ५००००० |
| | | | शिवशक्ति आधारभुत विद्यालय फर्निचर (कुर्सि,टेवुल दराज खरिद) | २००००० |
| | | | कोलवाट सिंचाइ टंकी निर्माण | ३५०००० |
| | भोटेधारा गारापानी मुहान संरक्षण | ४००००० | लामाकाटिया मष्टा मन्दिर निर्माण | २५०००० |
| | | | काडावान्नि सिंचाई पोखरी निर्माण | १५०००० |
| १० | कुन्नीखोला ताउले रहखोला तटवन्ध | ४००००० | माचपानि मुहान संरक्षण तथा प्रतिक्षालय भवन निर्माण | ४००००० |
| ११ | चिसीमुल महतारागाउँ कृषि सडक | २००००० | स्वास्थ्य चौकी जगतीपुरको पहिरो नियन्त्रण | ४००००० |
| | स्वास्थ्य चौकी व्यवस्थापन | २००००० | | |
| | ईवरगाढ तातापानी राईकोईराली कृषि सडक निर्माण | | इवरगाढ तातापानी खाली कृषि सडक | |
| १२ | थापाचौर हुदै कास्तारा वेलगार सडक विस्तार | ७००००० | हिलेखाली फिल्ड निर्माण | ७००००० |

**ख. स्वास्थ तर्फ (वजेट तथा कार्यक्रम)**

| क्र स | साविकमा निर्णय भएका योजनाहरु | विनियोजित रकम | शंशोधनका लागि पेश भएका योजनाहरु | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | स्यानेटरी प्याड उधोग संचालन वडा नं .४ | ४००००० | आधारभुत स्वास्थ्य सेवा केन्द्रमा उपकरण खरिद | ४००००० |
| २ | आधारभुत स्वास्थ्य सेवा केन्द्र केन्द्र वडा नं ५,१२,७,८,१० मा डेक्सटप र प्रिन्टर खरीद । | प्रत्यक सेवा केन्द्रकोनिम्ति रु.१,५०,०००। | १.निम्नानुसारको वडाहरुम डेस्कटपको ठाँउमा ल्यापटप खरीद Dell I5 printer र टेवुल खरीद प्रति स्वास्थ्य सेवा केन्द्रमा रु १,५०,०००। गरी जम्मा ५ वटा संस्थाको रु ७,५०,०००। | ७५०००० |
| ३ | स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवनमने उचित रीपोटिंग तथा रेकडिंगको निम्ति म्ज्क्ष्क्) द्द तालिम संचालन | १५०००० | स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवनमने उचित रीपोटिंग तथा रेकडिंगको निम्ति DHIS-2/HMIS तालिम संचालन | १५०००० |
| ४ | आधारभुत वडा स्वास्थ्य सेवा केन्द्र बोहोराकालागि स्वास्थ्य सामाग्री खरीद वडा नं .४ | १५०००० | आधारभुत स्वास्थ्य सेवा केन्द्र DHIS-2को Dell I5 printer टेवुल निम्ति | १५०००० |



Scanned with CamScanner

ग. महिला ,वालवालिका तथा ज्येष्ठ नागरिक तर्फ (वजेट तथा कार्यक्रम)

| क्र स | साविकमा निर्णय भएका योजनाहरु | विनियोजित रकम | शंशोधनका लागि पेश भएका योजनाहरु | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | महिला उद्धमशिलता विकास) सेनेटरी प्याड निर्माण (वितिय पहुँच प्रशिक्षक कार्यक्रम) सिप परिक्षण र टेवा पुर्जि र प्रविधि समेत) | ३०४००० | मा.वि स्तरका छात्राहरुलाइ) सेनेटरी प्याड निर्माण सम्बन्धि तालिम तथा यसको प्रयोग सम्बन्धि जानकारी | रु.३,०४,०००। |
| २ | महिला उद्धमशिलता सहजिकरण केन्द्र/इकाइ संचालक | १००००० | महिलासँग उपप्रमुख कार्यक्रम अन्तगत को महिला समुहलाइ व्यावसायिक सिप विकास कार्यक्रममा थप | १००००० |
| ३ | संरक्षण विहिन बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन पारिवारीक सहयोग तथा संस्थागत अनुदान समेत | १००००० | आपतकालिन बाल उद्धार कोषमा रकम समावेश गर्ने | १००००० |
| ४ | विभिन्न दिवसीय कार्यक्रम) बालबालिका , ज्येष्ठ नागरीक, अपाङ्गता सम्बन्धि) | २००००० | ज्येष्ठ नागरीक ,तथा अपाङ्गता सम्बन्धि सरोकारवाला सँग अन्तरक्रिया | ११३१२५ |

घ. पशुपंछी विकास तर्फ (वजेट तथा कार्यक्रम)

| क्र स | साविकमा निर्णय भएका योजनाहरु | विनियोजित रकम | शंशोधनका लागि पेश भएका योजनाहरु | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | संघ र प्रदेश संगको समन्वयमा कर्मचारीलाई प्रबिधि क्षमता विकास कार्यक्रम) बिभिन्न एक हप्ते तालीमहरु( | ४०००० | थप १ जना भ्याक्सिनेटरको सेवा सुविधाको लागी | ४०००० |
| २ | लोकल कुखुरा व्यवसायीलाई साझेदारी अनुदान | ५०००० | थप १ जना भ्याक्सिनेटरको सेवा सुविधाको लागी | ५०००० |

चालु आ.व. २०७७/०७८ मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कार्यान्वयनका लागि तपशिलमा उल्लेख भए बमोजिम योजना तथा वजेट स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

| वडा नं | क्र.सं. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | वडा कार्यालयदेखि डाँरीडाडा जाने घोरेटो बाटो | ७००००० | |
| | २ | रावतगाँउ पानि ट्यान्किदेखि मुलपानी दमार हुदै वस्तिला घोरेटो बाटो निर्माण | ४००००० | |
| | ३ | पाथिहाल्ना देखि पाईपलाइन हुदै वडालेख सम्म घोरेटो वाटो निर्माण | ५००००० | |
| | ४ | सुर्योदय प्रावि घोयलनेटा कमपाउन्ड वाल निर्माण | २६१००० | |
| २ | १ | गारापानी फुलवारी गो.वा.र पुल निर्माण | ५००००० | |
| | २ | दारखोला पुल निर्माण | ३००००० | |
| | ३ | पावरहाउस देखि रोटे नेटा विधालय सम्म गो.वा. | ५००००० | |
| | ४ | नेटा विष्णु प्रा.वि .फिल्ड निर्माण | १००००० | |
| | ५ | नेरा प्रा वि छाना मर्मत | २००००० | |
| | ६ | तल्लो खान्दारी तिमिले खा.पा .मर्मत | २६४००० | |
| ३ | १ | ठाटी ज्यामुन रुखवाट पानिनिउला, गग्रानेखोला भाटगारा घोडेटो बाटो निर्माण | ५००००० | |
| | २ | नरज्योती प्रा वि छाना मर्मत | ४००००० | |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | ३ | विजय प्रा वि फिल्ड निर्माण | ४००००० | |
| | ४ | विष्टे टाकुरी चौतारी निर्माण | २८१००० | |
| | ५ | ढाटि कृष्ण वहादुर थापाको घर देखि फुलवारी गोरेटो बाटो निर्माण | २८०००० | |
| ४ | १ | भेरी प्रा वि जाजरकोटको घेराबार निर्माण | १०००००० | |
| | २ | ईवर छिप्रेना जाने मुल सडक भोजेन्द्र मल्लको घर देखि छिन्चु जाजरकोट सडक सम्म घोडेटो वाटो निर्माण | ८६१००० | |
| ५ | १ | श्री बुरुङ्गे देखि साल्टाकुरा सम्म सडक निर्माण | ४००००० | |
| | २ | साझको रुख देखि खहरे खोला सम्म सडक मर्मत | ३००००० | |
| | ३ | शिसो खोला देखि चौतारी बिसौनी सम्म सडक निर्माण | ४६१००० | |
| | ४ | शाही टोल देखि चिसापानी सम्म सडम मर्मत | २००००० | |
| | ५ | विजय मा. वि. काफलचोर को भवन निर्माण | ५००००० | |
| ६ | १ | भैरवथान देखि भगवती आ. वि देखि घाग्रे चौतारी गो. वा . निर्माण | ७००००० | |
| | २ | तिमिले देखि धानचुला गो. वा . निर्माण | ३६१००० | |
| | ३ | लक्ष्मी मा. वि . रामी सडक मर्मत तथा रामी देखि मसानघाट गो. वा. निर्माण | ८००००० | |
| ७ | १ | स्याउली बजार फिल्ड निर्माण | ३००००० | |
| | २ | सिमा प्रा वि डाँरी खोला फिल्ड निर्माण | २००००० | |
| | ३ | बाल ज्योती प्रा वि वडाओल फिल्ड तथा वडा ओल देखि टुनि सम्म घोरेटो बाटो निर्माण | ४००००० | |
| | ४ | सरस्वती मा वि अधुरो घेराबार निर्माण | ७६१००० | |
| | ५ | वाल ज्योती प्रा वि वडाओल बालमैत्री कक्षा कोठा निर्माण | २००००० | |
| ८ | १ | मस्टा आधारभुत विधालयको फिल्ड तथा घेरावार निर्माण | ८६१००० | |
| | २ | कुरिल्ले देखि झ्यालाहाल्ना सम्म घोडेटो बाटो निर्माण | १०००००० | |
| ९ | १ | कालाभुर दिपेन्द्र मा. वि. देखि घोरनेटा पदमार्ग | १२६१००० | |
| | २ | चिसीमुल पातिहाल्न घो. वा~. निर्माण | ६००००० | |
| १० | १ | दुर्गा प्राथमिक विधालय फिल्ड निर्माण) नुवागाँउ | ९३०५०० | |
| | २ | वडा कार्यालय देखि अधारभुत स्वा . केन्द्र सम्म सडक निर्माण | ९३०५०० | |
| ११ | १ | दुर्गा आधारभुत विधालयको घेराबार तथा सौचालय निर्माण | १८६१००० | |
| १२ | १ | मालुवेला बाट पातल्लो हुदै मनचौर गोरेटो बाटो | ८००००० | |
| | २ | भारती गाँउदेखि भदाले गोरेटो बाटो | ६००००० | |
| | ३ | वारेला वजि मन्दिरको चौतारो निर्माण | ३००००० | |
| | ४ | सालि विसाउना नाउला खेल मैदान निर्माण | १६१००० | |
| १३ | १ | माथि रिङरोड वर पिपल देखि निरज आचार्यको घर सम्म सडक मर्मत | ६६१००० | |
| | २ | बटालागाँउ माथि रिङ रोड देखि छिन्चु जाजरकोट सम्म सडक मर्मत | ३५०००० | |
| | ३ | विरमान सुनारको घरदेखि ढिक वरपिपल सम्म सडक निर्माण | ३५०००० | |
| | ४ | छिन्चु जाजरकोट सडक खण्ड रविदास आचार्यको घरदेखि वर्मा मन्दिर सम्म सडक निर्माण तथा भेरी पुल जाने अधुरो बाटो निर्माण | ५००००० | |

Scanned with CamScanner

यस कार्यालयमा अस्थायी तथा करारमा कार्यरत तपशिलमा उल्लेखित कर्मचारीहरुको २०७७ माघ १ देखि २०७८ असार मसान्तसम्म म्याद थप गर्न स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

| क्र.स. | नामथर | पद |
|---|---|---|
| १ | प्रकाश कुमार शाही | कानुन अधिकृत |
| २ | नवराज शर्मा | सिभिल इन्जिनियर |
| ३ | सुर्य प्रसाद लम्साल | आईटि अधिकृत |
| ४ | रश्मी राई | रोजगार संयोजक |
| ५ | प्रचन्ड जंग शाह | वरिष्ठ सा.प |
| ६ | राजेन्द्र विवश पुन | स्व.स. |
| ७ | पवन खत्री | सव. ईन्जिनियर |
| ८ | सरोज वली | एम.आई.एस. अपरेटर |
| ९ | पवन शर्मा | एम.आई.एस. अपरेटर |
| १० | वरुण वस्नेत | प्रा स सव ईन्जिनियर |
| ११ | भरत कुमार शर्मा | सहायक चौथो |
| १२ | विरेन्द्र शिल घर्ती | " |
| १३ | गोरख वहादुर शाही | " |
| १४ | देव वहादुर घर्ती | अ.स.ई |
| १५ | धन वहादुर थापा | " |
| १६ | विष्णु वहादुर रोकाय | " |
| १७ | केशव राज पुन | अमिन |
| १८ | समिला घर्ती | सामाजिक परिचालक |
| १९ | लाल वहादुर कार्की | " |
| २० | सृजना चौधरी | " |
| २१ | रमेश जंग शाह | " |
| २२ | लक्ष्मी घर्ती | पोषण सहजकर्ता |
| २३ | रेनुका थापा | फील्ड सहायक |
| २४ | नन्दकला घर्ती | अ.स.ई |
| २५ | प्रविण नेपाली | मानसिक स्वास्थ्य कर्ता |
| २६ | डिल वहादुर पुन | का. सहयोगी वडा न २ |
| २७ | विमला शाही | का. सहयोगी वडा न ४ |
| २८ | सावित्रा शाहि | का स नगर |
| २९ | सुविना नेपाली | का स नगर |
| ३० | राम वहादुर वि.क | का. सहयोगी वडा १० |
| ३१ | नरेश नेपाली | का. सहयोगी वडा ७ |
| ३२ | धर्मराज थापा | का स नगर |
| ३३ | सरस्वती खड्का खत्री | का स नगर |
| ३४ | दर्मा राना | का. सहयोगी वडा १ |
| ३५ | मान वहादुर शाही | का सहयोगी वडा ५ |
| ३६ | रुपा राना खडका | का स नगर |
| ३७ | नरेश वि.क | का. सहयोगी वडा ७ |
| ३८ | कमल राज घर्ती | का. सहयोगी वडा ९ |
| ३९ | गोपाल महतरा | का. सहयोगी वडा १० |
| ४० | कमल महतरा | का. सहयोगी वडा ११ |
| ४१ | निरज गाईन | का. सहयोगी वडा १२ |
| ४२ | प्रेम वर | का. सहयोगी वडा १३ |
| ४३ | शेर वहादुर अधिकारी | ह.स.चा |

| क्र.स. | नामथर | पद |
|---|---|---|
| ४४ | कृष्ण शाही | ट्याकटर चालक |
| ४५ | अर्जुन विक | व्याक लोडर चालक |
| ४६ | सन्तोष कुमार शाह | फोहर व्यवस्थापक |
| ४७ | वल वहादुर घर्ती | व्याक लोडर राह चालक |
| ४८ | जय बहादुर चन्द | का. स. |
| ४९ | प्रेम वहादुर खत्री | भान्से |
| ५० | हिरा नेपाली | उदयम सहजकर्ता |
| ५१ | सरिता सिंह | उदयम सहजकर्ता |
| ५२ | सविना वलि | हे.अ. |
| ५३ | सुनिता घर्ती मगर | हे.अ. |
| ५४ | धन बहादुर पुन मगर | हे.अ. |
| ५५ | करण शाहि | हे.अ. |
| ५६ | दुर्गा थापा | हे.अ. |
| ५७ | शुमिलन शाह | अ.न.मि. |
| ५८ | रत्ना खड्का | अ.न.मि. |
| ५९ | पशुपति पुन मगर | अ.न.मि. |
| ६० | रुपा घर्ती मगर | ल्या.अ. |
| ६१ | सपना गिरी | अ.न.मि. |
| ६२ | पवित्रा गिरी | अ.न.मि. |
| ६३ | विमला चन्द | अ.न.मि. |
| ६४ | भावना चन्द | अ.न.मि. |
| ६५ | करिश्मा पुन मगर | ल्या.अ. |
| ६६ | रञ्जिता खड्का | अ.न.मि. |
| ६७ | कौशिला राना | अ.न.मि. |
| ६८ | जय बहादुर चनारा | ल्या.अ. |
| ६९ | कौशिला चन्द | अ.न.मि. |
| ७० | सन्दिपा राना | अ.हे.व. |
| ७१ | भगवति सुनार | अ.न.मि. |
| ७२ | प्रमिला चन्द | अ.न.मि. |
| ७३ | सुरक्षा थापा घर्ती | अ.न.मि. |
| ७४ | दुशासन शाहि | अ.हे.व |
| ७५ | कल्पना चन्द | अ.न.मि. |
| ७६ | शिवा शाहि | अ.न.मि. |
| ७७ | विष्णु राना | अ.हे.व |
| ७८ | शुलोचना चन्द | अ.न.मि. |
| ७९ | जगत खड्का | का.स. |
| ८० | अनिता के.सी. | का.स. |
| ८१ | देवि वर कामि | का.स. |
| ८२ | भिम बहादुर शाहि | का.स. |
| ८३ | पम्फा शाहि | का.स. |
| ८४ | कालिका शर्मा | का.स. |
| ८५ | हरिकला रोकाय | का.स. |
| ८६ | सुनिता बुढा | का.स. |



Scanned with CamScanner

९. यस नगर कार्यपालिकाको कार्यालयमा अस्थायी तथा करारमा सेवामा कार्यरत कार्मचारीहरुको विदा के कति र कसरी दिने भन्ने सम्बन्धमा स्पष्ट नभई समस्या परेकोले तपशिल बमोजिमको विदा सुविधा दिन स्वीकृतका लागी पेश गर्ने ।

क. करार सेवामा कार्यरत कर्मचारीहरुलाई मिति २०७८।०१।०१ गते देखि लागु हुने गरि देहाय वमोजिमको विदा सुविधा उपलव्ध गराउने ।

- ✓ भैपरी आउने र पर्व विदा बार्षिक १२ दिन
- ✓ घर विदा बार्षिक १२ दिन
- ✓ प्रसुति विदा : महिला कर्मचारीले सुत्केरी हुनु भन्दा अघि वा पछि ९८ दिन सुत्केरी विदा पाउँने) सेवा अवधिभर सो सुविधा २) दुई (पटक लिन सकिने(
- ✓ प्रसुति स्याहार विदा : पुरुष कर्मचारीले १५ दिन पाउँने
- ✓ किरिया विदा : बाबु, आमा वा सासु, ससुराको मृत्यु भएको अवस्थामा पुरुष र महिला कर्मचारीले १५ दिन पाउँने
- ✓ माथिक उल्लेखित विदा सहुलियत बार्षिक रुपमा उपभोग गर्न पाउने तर बार्षिक रुपमा संञ्चित गर्न पाईने छैन ।

नोटः कुनै परियोजना वा कार्यक्रमबाट सेवा करारमा नियुक्ति गरिएका कर्मचारीको हकमा सोही सेवा करार सम्झौता वमोजिमका शर्त लागू हुने ।

ख. यस नगरपालिकामा नगरपालिका स्थापना हुनुभन्दा अगाडी नियुक्ति भई विभिन्न निकायबाट खटिई लामो समय देखि सेवा गर्दै आएका अस्थायी कर्मचारीहरुलाई देहाय वमोजिमको विदा सुविधा उपलव्ध गराउने ।

- ✓ भैपरी आउने र पर्व विदा बार्षिक १२ दिन
- ✓ घर विदा बार्षिक ३० दिन, सेवा अवधिभर १८० दिन सम्म संञ्चित गर्न सकिने
- ✓ विरामी विदा : बार्षिक १२, दिन सेवा अवधिभर प्रत्येक वर्ष १२ दिन संञ्चित गर्न सकिने
- ✓ प्रसुति विदा : महिला कर्मचारीले सुत्केरी हुनु भन्दा अघि वा पछि ९८ दिन सुत्केरी विदा पाउँने) सेवा अवधिभर सो सुविधा २ दुई पटक लिन सकिने
- ✓ प्रसुति स्याहार विदा : पुरुष कर्मचारीले १५ दिन पाउँने
- ✓ किरिया विदा : बाबु, आमा वा सासु, ससुराको मृत्यु भएको अवस्थामा पुरुष र महिला कर्मचारीले १५ दिन पाउँने

नोटः अस्थायी सेवामा कार्यरत कर्मचारीहरुको सेवा टुटेको अवस्थामा घर विदा र विरामी विदा वापतको एक मुष्ट रकम कार्यालयले उपलव्ध गराउने ।



Scanned with CamScanner

१०. नगर सभा सम्पन्न गर्नका लागि अतिरिक्त समय खटिई सहयोग गर्ने देहायका कर्मचारीहरुलाई प्रोत्साहन स्वरूप खाई पाई आएको तलव स्केल अनुसारको तपसिलमा उल्लेखित दिन बरावरको रकम उपलब्ध गराउन स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

| क्र स | पद | विवरण | दिन |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | दल वहादुर घर्ती | ३० |
| २ | कानुन अधिकृत | प्रकाश कुमार शाही | ३० |
| ३ | अधिकृत छैठौं | सुधा हमाल | ३० |
| ४ | अधिकृत छैठौं | अनिश शाह | ३० |
| ५ | इन्जिनियर | नवराज शर्मा | १५ |
| ६ | अधिकृत छैठौं | चण्डीका चौलागाई | १५ |
| ७ | अधिकृत छैठौं | रत्न बहादुर डांगी | १५ |
| ८ | सुचना अधिकृत | सुर्य प्रसाद लम्साल | ३० |
| ९ | रोजगार संयोजक | रश्मी राई | १५ |
| १० | सहायक पाँचौं | उर्मीला शाह | ३० |
| ११ | सहायक पाँचौं | कृर्ति वहादुर थापा | ३० |
| १२ | सहायक पाँचौं | सनत दवाडी | ३० |
| १३ | ना. सु | कलशा शर्मा | १५ |
| १४ | लेखापाल | राजेन्द्रवहादुर कठायत | ३० |
| १५ | हे. अ | निशा थापा | ३० |
| १६ | प्रा. स | यज्ञ अधिकारी | १५ |
| १७ | सहायक पाँचौं | हिरा नेपाली | १५ |
| १८ | स्वकिय सचिव | राजेनद्र विवश पुन | १५ |
| १९ | म. वि. नि | विपना पौडेल | १५ |
| २० | एम. आई. एस. अपरेटर | सरोज वली | १५ |
| २१ | एम. आइ. एस. अपरेटर | पवन शर्मा | १५ |
| २२ | सहायक चौथो | केदार वहादुर कार्की | ३० |
| २३ | आ. ले. प. सहायक | श्रवण कुमार खनाल | ३० |
| २४ | स. ले. पा. | विष्णुकली रोकाय | १५ |
| २५ | अ. हे. व. | यज्ञ गौतम | १५ |
| २६ | सहायक चौथो | सरिता सिह | १५ |
| २७ | सहायक चौथो | विद्या शाह | १५ |
| २८ | स. म. वि. नि | शारदा शर्मा | १५ |
| २९ | अमिन | केशव पुन | १५ |
| ३० | सा. प | रमेश जग शाह | १५ |
| ३१ | सा. प. | लक्ष्मी घर्ती | १५ |
| ३२ | रा. प | शर्मीला घर्ती | १५ |
| ३३ | सवारी चालक | शेर वहादुर अधिकारी | १५ |
| ३४ | का. सहयोगी | सावित्रा शाही | ३० |
| ३५ | का. सहयोगी | सरस्वती खड्का | १५ |
| ३६ | का. सहयोगी | सविना वि. क. | १५ |
| ३७ | का. सहयोगी | भरत नेपाली | १५ |
| ३८ | का. सहयोगी | धर्मराज थापा | १५ |
| ३९ | का. सहयोगी | जय वहादुर चन्द | १५ |
| ४० | ट्याक्टर चालक | कृष्ण वहादुर शाही | १५ |
| ४१ | ट्या. सह चालक | सन्तोष शाह | १५ |
| ४२ | भान्से | प्रेम वहादुर खत्री | १५ |
| ४३ | का. सहयोगी | ध्रुव चन्द | १५ |

११. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पकेट म्यानुअल, २०७७ अनुसार यस नगरपालिकाबाट संचालन गरिने साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनका लागि एक जना कृषि प्राविधिक आवश्यक भएकोले कृषितर्फ शसर्त अनुदानको खर्च शिर्षक ५११४ को कन्टिन्जेन्सि तथा अन्य कार्यालय संचालन शिर्षकबाट मासिक रू २५ हजार तलव व्यहोर्ने गरी २०७८ असार मसान्तसम्मको लागि करारमा नियुक्ति गर्ने ।

१२. कृषि विकास कार्यालयको एक स्थानीय तह एक बाली बस्तु (कृषि) बिशेष उत्पादन कार्यक्रम संचालनका लागि रू १५ लाख बजेट विनियोजन भएको र उक्त बजेटमा रू ४ लाख ५० हजार नगरपालिका समपुरक रकम थप गर्नु पर्ने प्रावधान बमोजिम नगरपालिकाको समपुरक कोषमा विनियोजित बजेट उपलब्ध गराउने ।



Scanned with CamScanner

१३. आ.व. २०७५।७६ को महालेखा परिक्षकको बार्षिक प्रतिवेदन जानकारीका लागि सभामा पेश गर्ने ।

१४. भवन संहिता, २०७२ कार्यान्वयनका लागि २०७६।८।२४ को निर्यानुसार नगरपालिकाको क्षेत्रभित्र भवन अभिलेखिकरणका लागि ३५ दिने सूचना प्रकाशन गरी बन्द गरिएकोमा उक्त अवधिभित्र अधिकांश भवनहरू अभिलेखिकरण गर्न छुट भएको भनी नगरवासिहरूबाट गुनासो आएकोले अर्को निर्णय नभएसम्मको लागि भवन अभिलेखिकरण गर्ने म्याद थप गर्ने ।

१५. नगर कार्यपालिकाको मिति २०७६ भाद्र १२ गतेको निर्णयानुसार यस नगरपालिका क्षेत्रभित्रको जग्गा कित्ता काट गर्दा वडा नं. ३ र ४ बजार क्षेत्रभित्र २ आना र अन्य सबै वडाहरूमा ४ आना न्यूनतम मापदण्ड तोकिइ सोही बमोजिम कार्य भई आएकोमा व्यवहारिक रूपमा उक्त मापदण्ड बमोजिम काम गर्न समस्या देखिएकोले अब उप्रान्त प्रचलित संघिय तथा प्रदेश कानूनको मापदण्ड बमोजिम गर्ने गराउने गरी सम्बन्धि कार्यालयमा जानकारी दिने ।

१६. यस नगरपालिकाको वडा नं. ७ को ज्यामिरे तरकारी तथा खाध्यान्न उत्पादन कृषक समुह, मिथेंग। लामिदुवालीमा आबध्द रहेका कृषहरूको जग्गामा पहिरो गई खेतीयोग्य जग्गा क्षतिग्रस्त भएकोले रोकथामको लागि कार्यालयमा मौज्दातबाट २५ थान जाली र उक्त जाली भर्नका लागि विपद् व्यवस्थापन कोषबाट रू २ लाख भुक्तानी दिने ।

१७. चालु आ.व. २०७७।७८ को स्वीकृत विनियोजन ऐनमा शिक्षातर्फ मेयरसंग बालबालिका, युवा तथा खेलकुद कार्यक्रम रू २५ लाख बिशेष अनुदानतर्फ विनियोजन गरिएकोमा बिशेष अनुदानको रकम पोषण सुधार कार्यक्रममा अख्तियारी आएको हुँदा उल्लेखित मेयरसंग बालबालिका (युवा तथा खेलकुद) कार्यक्रममा गत बर्षको मौज्दात पूँजीगत अनुदानबाट खर्च लेख्ने गरी रू १५ लाख बिनियोजन गर्ने ।

१८. भूमि सम्बन्धि समस्या समाधान आयोग र यस नगरपालिकाबीचमा मिति २०७६।८।३० मा सम्पन्न सम्झौता अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यबिधि, २०७७ को दफा ३ को उपदफा (१) बमोजिम देहाय अनुसारको भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने ।

क. नगर प्रमुख — संयोजक

ख. नगर उप प्रमुख — उप -संयोजक

ग. सम्बन्धित स्थानीय तहमा रहेका राष्ट्रिय मान्यता प्राप्त दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि

घ. कार्यपालिका सदस्य

१. श्री पार्वति वि.क. (महिला)

२. श्री मनकला नेपाली (दलित)

ङ. संयोजकले मनोनयन गर्ने (भूमि आवास लगायतका क्षेत्रमा कार्यरत संघ संस्था वा नागरिक समाजबाट)

१. श्री सुनिता शाही वडा नं. ७ (महिला)

१. श्री प्रेम बहादुर राना वडा नं. १

च. प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

१९. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यबिधि, २०७७ को दफा ३ को उपदफा (२) बमोजिम स्थलगत रूपमा तथ्यांक संकलन तथा नाप नक्शाको काममा सहजीकरण गर्न तथा आवश्यक सहयोग गर्न देहाय अनुसारको वडा स्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने:

क. वडाध्यक्ष — अध्यक्ष

ख. सदस्यहरू — सदस्य



Scanned with CamScanner

ग. नगर प्रमुखले मनोनयन गरेका दुई जना सदस्य (भूमि आवास लगायतका क्षेत्रमा कार्यरत संघ संस्था वा नागरिक समाजबाट)

घ. वडा सचिव सदस्य सचिव

२०. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सकलन गर्ने कार्य सम्पन्न गर्न तपसिल बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्याक संकलन इकाई स्थापना गर्ने र उक्त इकाईमा खटिने कर्मचारीहरूलाई खाई पाई आएको मासिक तलबको २५ प्रतिशतले हुने रकम अतिरिक्त समय कार्य गरेवापत प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गराउने । सम्झौता बमोजिम लगत संकलनको लागि नगरपालिकाले व्यहोर्नु आवश्यक रकम नगरपालिकाको अन्य श्रोतबाट व्यहोर्ने गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

तपसिलः

| | |
|---|---|
| क. इकाई प्रमुख | श्री प्रकाश कुमार शाही |
| ख. सर्भेक्षक | श्री आयोगमा माग गर्ने |
| ग. अमिन | श्री केशव राज पुन |
| घ. तथ्यांक संकलक | श्री वडा सचिवहरू |
| ङ. लगत प्रविष्टिकर्ता | श्री सुर्य लम्साल, केदार कार्की |
| च. सामाजिक परिचालक | श्री रमेश जंग शाह, (सबै वडा सचिवहरुलाई परिचालन गर्न सकिने) |
| छ. कार्यालय सहयोगि | श्री ध्रुव चन्द |

२१. नगर शिक्षा ऐन, २०७४ को दफा १६ को (१) बमोजिम गठन भएको नगर शिक्षा समितिमा सोही उपदफा (१) को (ड) अनुसार देहायका व्यक्तिहरूलाई मनोनयन गर्नेः

क. श्री केशव बहादुर नेपाली भे.न.पा. वडा नं. ७ (दलित)

ख. श्री सावित्री सिंह भे.न.पा. वडा नं. २ (महिला)

ग. श्री मान बहादुर खत्री भे.न.पा. वडा नं. ६ (समाजसेवी)

२२. भेरी नगरपालिका जाजरकोटको आ.व. २०७५।७६ को महालेखा परिक्षकको बार्षिक लेखा परिक्षण प्रतिवेदनको बेरूजु दफा नं. ४० मा प्रथम मेयर घुम्ति स्वास्थ्य शिविरको लागि आवश्यक पर्ने औषधि खरिद गर्दा कम्तिमा ३ वटा फर्मसंग दरभाउ पत्र माग गरी खरिद गर्नु पर्नेमा सो नगरी सोझै औषधि खरिद गरेको अनियमित रकम भनी बेरूजु कायम भएकोमा सो स्वास्थ्य शिविर आकस्मिक रूपले संचालन गर्दा सोझै खरिद गरी शिविर संचालन गरिएकाले सो सेवाबाट प्रत्यक्ष नागरिकहरू लाभान्वित भएका तर खरिद प्रक्रिया मात्रै पुरा नभई कायम भएको बेरूजु रकम यस नगर सभामा छलफल हुँदा सरकारी हानी नोक्सानी भएको नदेखिएको तर खरिद प्रक्रिया मात्र अपुरो भएको भनी कायम भएको देखिएको हुनाले उक्त अनियमित बेरूजु रकम रू ४,९८,५७१।- समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्न नगर सभामा पेश गर्ने ।

२३. खहरेपाखा खानेपानी मुहान संरक्षण योजना वडा नं. ९ मा रू २ लाख ५० हजार गत बर्षको मौज्दात रकमबाट बिनियोजन गर्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

Scanned with CamScanner